## रौतहटमा बढ्दो सवारी दुर्घटना

# ६ महिनामा २६ जनाले गुमाए ज्यान, ४ सय ५६ घाइते



**राकेश यादव/मध्यान्ह**
रौतहट, १६ माघ

रौटहटमा ६ महिनाको अवधिमा सवारी दुर्घटनाबाट २६ जनाको ज्यान गएको छ भने ४ सय ५६ जना घाइते भएका छन्। प्रहरी कार्यालय रौतहटले चालू आर्थिक वर्षको ६ महिनाको कार्य प्रगति प्रतिवेदन सार्वजनिक गर्दै सो जानकारी गराएको हो। ६ महिनाको अवधिमा ३ सय १२ वटा भएको सवारी दुर्घटनामा परेका छन्।

सवारी नियम उलंघन गरेको आरोपमा १० हजार ७ सय १ सवारी साधन र चालकमाथि कारबाही गरी ८५ लाख १७ हजार ५ सय रुपैयाँ राजश्व असुली गरिएको प्रगति प्रतिवेदनमा उल्लेख छ।

जिल्ला प्रहरी कार्यालयले ६ महिनाको अवधिमा २ पटक सार्वजनिक सुनवाई कार्यक्रम, ६ पटक अल्पसंख्यकसँग प्रहरी कार्यक्रम, ३ सय ५७ वटा समुदाय प्रहरी कार्यक्रम अन्तर्गत विभिन्न सचेतनामूलक गतिविधि तथा ९ सय १९ वटा ट्राफिक सचेतनामूलक कार्यक्रम आयोजना गरिएको जनाइएको छ।

यस्तै प्रहरी कार्यालय रौतहटले २ करोड करोड ९५ लाख ३१ हजार तीन सय ३१ रुपैयाँ बराबरको भन्सार छली चोरी जनकासी/पैठारी गरेको सवारी साधन तथा विभिन्न सामानहरु बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ। रौतहट जिल्ला अदालतको फैसला कार्यान्वयनको क्रममा २ सय ६९ जना फरार प्रतिवादी पक्राउ गरी ४४ वर्ष २ महिना १५ दिन कैद अवधिको साथै १२ लाख ४५ हजार ७ सय १२ रुपैयाँ जरिवाना असुल उपर गरिएको प्रतिवेदनमा उल्लेख छ।

नक्कली नोट सम्बन्धी ४ वटा मुद्दा दर्ता गर्नुको साथै ९ जना पक्राउ गरी १८ लाख ७० हजार ४ सय, अनलाइन स्क्याम सम्बन्धी १ वटा मुद्दा दर्ता ३ जना पक्राउ गरी २४ लाख ३७ हजार ६८५ रुपैयाँ ५७ पैसा फिरौती रकम माग अभियोगमा १ वटा मुद्दा दर्ता गरी १ जना पक्राउ गरिएको छ। ५ सय ८ वटा अपराध मुद्दा दर्ता भएकोमा २ सय ९० मुद्दा फछ्र्यौट भएको र २ सय १८ मा अनुसन्धान कार्य गरिरहेको र ३ सय ४३ जनालाई पक्राउ गरिएको सार्वजनिक प्रतिवदेनमा उल्लेख छ। यस्तै ज्यान सम्बन्धी ९ वटा मुद्दा दर्ता भएकोमा ४ वटा फछ्र्यौट भइ ५ वटा मुद्दामा अनुसन्धान भइरहेको र ९ जना पक्राउ परेका, महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी ३९ वटा मुद्दा दर्ता भएकोमा २७ वटा फछ्र्यौट भइ १२ वटा अनुसन्धानको क्रममा रहेको जनाइएको छ।

सवारी ज्यान सम्बन्धी २४ वटा मुद्दा दर्ता भएकोमा १८ वटा फछ्र्यौट भएको र ६ वटा अनुसन्धानको क्रममा रहेको छ। ११ वटा लागुऔषध सम्बन्धी मुद्दा दर्ता भएकोमा ९ वटा फछ्र्यौट भएको २ वटा अनुसन्धानमा रहेको १५ जना पक्राउ परेको, विद्युतीय कारोबार साइबर अपराध सम्बन्धी ५ वटा मुद्दा दर्ता भई ५ वटा फछ्र्यौट भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले जानकारी दिए। चोरी तथा डाका सम्बन्धी ३४ वटा मुद्दा ५० जना पक्राउ परेको र ३३ वटा फछ्र्यौट भइ १ वटा मुद्दामा अनुसन्धान भइरहेको उनले बताए।

---

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०५/०१ मा दर्ता भएको **प्रा.लि.नं. २४०७२३/०७७/०७८** को **इनोभेसन इन्भेष्टमेन्ट कन्सल्टिङ ग्रुप प्रा.लि.** को मिति २०८०/१०/१० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

---

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१०/१७**

श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुह, बराहताल गापा-०८ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ३५ को २२२.२५ क्यु.फि., असना जातको गोलिया थान १८ को ७१.६४ क्यु.फि., सल्लो जातको गोलिया थान ९ को ५३.४६ क्यु.फि. र सादन जातको गोलिया थान ३ को ६.२७ क्यु.फि.काठ तथा मिस्रित जातको दाउरा चट्टा ३ (तीन) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरी सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुह,**
**बराहताल–०८, सुर्खेत**

---

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१०/१७**

श्री सम्झना महिला सामुदायिक वन उपभोक्ता समुह, बराहताल गापा-१० सुर्खेतको सामुदायिक वनबाट आ.व. ०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ९९ को ४९२.६३ क्यु.फि., सल्लो जातको गोलिया थान ४८ को ३१९.६८ क्यु.फि., असना जातको गोलिया थान १९ को ८४.८१ क्यु.फि., जामुन जातको गोलिया थान ३ को ११.६६ क्यु.फि. र हर्रो जातको गोलिया थान २ को ५.५८ क्यु.फि. काठ तथा मिस्रित जातको दाउरा चट्टा ४ (चार) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरी सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री सम्झना महिला सामुदायिक वन उपभोक्ता समुह,**
**बराहताल–१०, सुर्खेत**

---

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**नवलपरासी, बर्दघाट सुस्ता पुर्व**
**गण्डकी प्रदेश, नेपाल**
**स्था : २०७३**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८०/१०/१७**

यस कार्यालयबाट मिति २०८०/०७/१३ गते तपसिल बमोजिम कार्यको लागि आव्हान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | 13/BTRM/NCB/ Works/2080-081 | Binayi Tribeni 10 Bed Hospital Construction | Neupane Multipurpose, Bharatpur metropolitoncity, ward no. 9 | 1,86,11,914.34 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**रंगेली, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### रंगेली नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

#### उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

---

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशन मितिः २०८०/१०/१७**

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस नगरपालिका कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/ WORK/080/081-09 | Shyampati Kurugaun Wada Karyalaya Jodne Sadak Phase II | NRs. 5679878.12 | NRs. 160,000/- | NRs. 3000 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>**Office Name:** Namobuddha Municipality Office<br>**Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002**<br>**Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002** | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगर, सुर्खेतको

### काठ, दाउरा कटान, संङ्कलन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८०/१०/१७**

यस कार्यालय अन्तर्गत वीरेन्द्रनगर सव-डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र पर्ने श्री जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेतको कार्यालय परिसरभित्रका रुखहरुको नियमानुसार छपान भएका विभिन्न जातको अनुमानित गोलिया काठ ५०१.०७ क्यू.फिट र ३.३७ चट्टा दाउरा (परिमाण थप घट हुन सक्ने) कटान मुछान गरी घाटगद्दी गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भई सालबसाली नविकरण भएका ईच्छुक व्यक्ति, फर्म, संघ संस्था तथा काठ व्यवसायीहरुले यो सूचना यस राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालय सुर्खेतवा जिल्ला समन्वय समितिको कार्यालय सुर्खेतबाट दरभाउपत्र खरीद गरी १६ औं दिनको मध्यान्ह १२:०० बजेसम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको फोननं. ०८३-५२०२५५ वा ईमेल : surkhetdfo@gmail.com मा सम्पर्क राख्न सकिनेछ।

---


## कतारमा रोजगार

कम्पनीः GOLDEN MAJESTIC TRADING AND CONTRACTING W.L.L
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/०६/२९ | चलानी नं.: ६०२०९१६२ | LT. No.293952 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 1 | 1 | | 2500 | ९१,००० | | | | | | | |
| 3. | General Clean Worker | 3 | 0 | | 1000 | ३६,४०० | | | | | | | |
| 4. | Labour | 3 | 0 | | 1000 | ३६,४०० | | | | | | | |
| 5. | Mason | 2 | 0 | | 1100 | ४०,०४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २४ गते (7 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**Pokhara Recruitment (P.) Ltd.**
Samakhusi Townplanning, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9801152243 (Whats App Message Only No calls)
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

# Invitation for Bids
## null
## Namobuddha Municipality

Invitation for Bids No.: NMUN/NCB/WORK/080/081-09

Date of publication: 31-01-2024 00:00

1. Namobuddha Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Shyampati Kurugaun Wada Karyalaya Jodne Sadak Phase II under National Competitive Bidding procedures.

   The estimated amount for the works is Rs. (in NRs) 5679878.12 (Exclusive of VAT and Contingencies)

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Namobuddha Municipality, Kavrepalanchowk, Kavre, Bagmati Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.

3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| Name of the Bank: | Rastriya Banijya Bank Ltd. |
| Name of Office: | Namobuddha Municipality |
| Office Code no: | N/A |
| Office Account no: | 1540100301010002 |
| Rajaswa (revenue) Shirshak no.: | N/A |

4. Pre-bid meeting shall be held at Namobuddha Municipality
   Kavrepalanchowk
   Kavre
   Bagmati Province
   Nepal at 12-02-2024 13:30 hours.

5. Sealed or electronic bids must be submitted to the office Namobuddha Municipality, Kavrepalanchowk, Kavre, Bagmati Province, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 01-03-2024 12:00. Bids received after this deadline will be rejected.

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01-03-2024 13:00 at the office of Namobuddha Municipality
   Kavrepalanchowk
   Kavre
   Bagmati Province
   Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 160000.0, which shall be valid for 30 days beyond the validity period of the bid.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.